# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN

वर्ष २९. अकं १४, जेष्ठ/असार २०८०

June/July 2023


## आन्तरिक राजश्व कार्यालयका प्रमुख कर अधिकृतलाई संघमा स्वागत एवम् छलफल




उद्योग वाणिज्य संघ-चितवनले २०८१ भदौ २४ गते संघको सचिवालयमा एक कार्यक्रमको आयोजना गरी आन्तरिक र ाजश्व कार्यालय भरतपुरका प्रमुख कर अधिकृतलाई स्वागत सहित छलफल कार्यक्रम सम्पन्न गरेको थियो। आन्तरिक राजश्व कार्यालय भरतपुरका लागि नवआगन्तुक प्रमुख कर अधिकृत पुण्य विक्रम खड्कालाई संघमा स्वागत गरेको थियो । स्वागत एवम् छलफल कार्यक्रममा मन्तव्य व्यक्त गर्दै संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले नवआगन्तुक प्रमुख कर

बाँकी २ नं. पेजमा...

## चाइनिज व्यवसायीहरू सँग चितवनमा लगानी विस्तार सम्बन्धमा छलफल

उद्योग वाणिज्य संघ-चितवनले आफ्नो सचिवालयमा २०८१ भदौ २९ गते एक कार्यक्रमको आयोजना गरी चाइनिज व्यवसायीहरू सँग छलफल गरेको थियो । चिनको वेष्ट ट्रेडिङ कम्पनी लिमिटेडका सञ्चालन लि याङ लगायत टिम सँग चितवनको व्यवसायिक विकासका साथै लगानी विस्तारसम्बन्धी छलफल भएको थियो । छलफलमा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले चिनिया व्यवसायीहरूलाई चितवनमा लगानीको प्रचुर सम्भावना भएको बताउँदै उहाँले व्यापारका लागि पनि नेपालका ठुला सहर र भारतको बजार पनी नजिक पर्ने भएकोले लगानीको लागि


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL : www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

### लक्ष्य (Mission)

"उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।"

### परिकल्पना (Vision)

"आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउँदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिँदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।"

### गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृट गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

### प्रकाशन समिति

**संयोजक:**
विज्ञानलाल श्रेष्ठ - कार्यसमिति सदस्य

**सदस्यहरु:**
शिवप्रसाद ओझा, दुर्गाप्रसाद गौतम, रोहितकुमार श्रेष्ठ, यमप्रसाद घिमिरे, उद्धव जोशी, महादीप श्रेष्ठ

**सल्लाहकारहरु:**
राजेन्द्र ओली, सिद्धार्थलाल चुके, रामशरण सिलवाल

**सम्पादक:**
गणेश सुवेदी- कार्यक्रम अधिकृत

**ले-आउट / डिजाइन:**
बिनायक लम्साल - सूचना प्रविधि अधिकृत



उपयुक्त गन्तव्य चितवन भएकाले जानकारी गराउँदै चितवनमा लगानी गर्न आग्रह गर्नुभएको थियो । छलफलमा चिनिया व्यवसायीहरूले पनी चितवनमा लगानी गर्न यहाँको अवस्थाको बारेमा जानकारी लिने र लगानी गर्ने बताएका थिए । छलफल कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठ निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी, उपाध्यक्ष दय राजेन्द्र ओली, नारायण प्रधान, कार्यसमिति सदस्य इमान्दु बराल, शंकर अधिकारी, पूर्णिमा जोशी श्रेष्ठ, कार्यक्रम अधिकृत गणेश सुवेदी, चाइनिज व्यवसायी लि याङ, हि हाइ र तावाङ साङ जोङ को सहभागिता रहेको थियो ।

बाँकी...

अधिकृतलाई चितवनको बसाई सफताको शुभकामना व्यक्त गर्दै संघका बारे मा जानकारी गराउनुभएको थियो । उहाँले व्यवसायी र कर कार्यालय विचको सम्बन्धलाई सहज र पारदर्शी बनाउँदै अनुगमन भन्दा पनि व्यवसायीलाई शिक्षा दिनुपर्ने बताउनुभएको थियो । उहाँले उद्योग वाणिज्य संघ चितवनले यसै वर्ष १५ औं संकरणको चितवन महोत्सव-२०८१ यही आउदो पौष २५ गते देखी माघ ५ गते सम्म सञ्चालन गर्ने जानकारी गराउँदै सहयोगको अपेक्षा व्यक्त गर्नुभएको थियो । कार्यक्रममा नवआगन्तुक प्रमुख कर अधिकृत पुण्य विक्रम खड्काले कर तिर्नु व्यवसायीको दायित्व भएको र कर कार्यालयको काम व्यक्तिको आयको प्रमाणित गर्नु भएको बताउँदै उहाँले सवै व्यवसायीलाई राज्यले निर्धारण गरेको कर नीतिलाई मानेर कार्य गर्न आग्रह गर्नुभएको थियो । उहाँले उद्योग वाणिज्य संघ-चितवनले व्यवसायीहरूलाई कर दाखिला गर्ने कार्यमा सहज होस भनी आन्तरिक राजश्व कार्यालय भित्र हेल्प डेक्स सञ्चालन गरेकोमा संघलाई आभार प्रकट गर्दै त्यसलाई व्यवस्थित गराउने विषयमा प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठले स्वच्छ, पारदर्शी र प्रविधि मैत्री कर प्रणालीको विकासमा जोड दिँदै उहाँले यस कार्यका

लागि उद्योग वाणिज्य संघ-चितवन सधै सकरात्मक भएर सहयोग गर्ने बताउनुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको स्वागत एवम् छलफल कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्ष त्रय राजेन्द्र ओली, अशोक अधिकारी, नार ायण प्रधान लगायत कार्यसमिति सदस्यज्यूहरू, संघमा आवद्ध विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकार ीहरूको उपस्थिति रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षता भएको स्वागत एवम् छलफल कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको थियो ।

## कर तथा मूल्य अभिवृद्धि कर सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न




चितवनका उद्योगी व्यावसायीहरुको छाता संस्था उद्योग वाणिज्य संघ चितवनले छिमेकी जिल्ला नगर उद्योग वाणिज्य संघका अध्यक्ष, महिला उद्यमी लगायत कार्यालय प्रमुखहरूलाई लक्षित गरी कर तथा मूल्य अभिवृद्धि कर सम्बन्धी २ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको थियो। उद्योग वाणिज्य संघ-चितवनको आयोजना एवम् जिआईजेड रास प्राविधिक सहयोगमा २०८१ भदौ ३० र ३१ गते चितवनको पर्यटकीय नगरी सौराह स्थीत राईनो लज एण्ड होटलमा कार्यक्रम भएको थियो । उद्योगी व्यवसायीहरुलाई कर तथा करका नीतिका

बारेमा जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले व्यावसायीहरुको संस्था भएकाले नेतृत्वले पनी करका बारेमा आफ्ना व्यवसायीहरूलाई सिकाउन सक्ने हुनुपर्ने बताउँदै उहाँले करसम्बद्ध झन्झटहरु जस्तै मिसम्याचमा पर्ने, ननफाईलर रहने, कर चुक्ता लिने, आय विवरण बुझाउने , जस्ता विषयमा व्यवसायीले भोगेको समस्याहरु निर ाकरणका लागि जिल्ला नगरका नेतृत्वलाई सिकाउने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको बताउनुभएको थियो । कार्यक्रम उद्घाटन सत्रका प्रमुख अतिथि वागमती प्रदेश सरकारका वन तथा वातावरण मन्त्री माननीय कृष्णप्रसाद सिलवालले कार्यक्रक सफलताको शुभकामना दिदै उहाँले जिल्ला नगर उद्योग वाणिज्य संघका नेतृत्वकर्ताज्यूहरुलाई यस कार्यक्रममा सिकेको ज्ञान आफ्ना जिल्ला नगरका उद्योगी व्यवसायीहरूलाई सिकाउन अनुरोध गर्नुभएको थियो । उहाँले निजी क्षेत्रका व्यवसायीहरूलाई समयमा नै कर तिर्न अनुरो ध गर्दै सम्बन्धी कर कार्यालयले पनि व्यवसायीलाई जरिवाना भन्दा समयमा जानकारी गराउन आग्रह गर्नुभएको थियो ।

वस्तुगत उपाध्यक्ष हेमराज ढकालले देशमा चोरी पैठारीको जालो भएको बताउँदै कर प्रणालीलाई तहगत गराउनु पर्ने बताउनुभएको थियो । उहाँले व्यवसायीहरूले विमा गराउदा हुलदुङ्गा भन्ने शिर्षकमा पनी प्रिमियम बुझाउन पर्ने भन्दै नेपालमा हाल हुलदुङ्गा नभएकोले राज्यले विमा पोलिसीमा राखेको हुलदुङ्गा सम्वन्धी वुदा हटाएर व्यवसायीलाई विमाको प्रिमियममा कम गराउनु पर्ने बताउनुभएको थियो । कार्यक्रममा वोल्दै जिआईजेड रासका फिनानसियल म्यानेजमेन्ट एण्ड एडमिनिस्ट्रेशन एडभाईजर नविनलाल श्रेष्ठले चितवनका व्यवसायीहरुलाई कर, मु.अ. कर, मिसम्याच लगाएतका बारेमा जानकारी गराउन यस तालिमको लागि उद्योग वाणिज्य संघ चितवन सँग सहकार्य गरेको बताउनुभएको थियो । कार्यक्रममा उहाँले उवासंघ चितवन सँग आगामी दिनहरुमा पनि हातेमालो गर्दै यस किसिमका कार्यक्रम आयोजना गर्नमा सहकार्य गर्न सकिने बताउनुभएको थियो । कार्यक्रममा सहभागीको तर्फबाट बोल्दै मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताले नेपालमा उत्पादन भएको कुनै पनी समानमा अन्डरविलिङ्गको समस्या नभएको र आयातित सामानमा नै यस्ता समस्याका कारण व्यवसायीहरूलाई अनुगमनको नाममा दुख दिनु भन्दा भन्सारमानै त्यो समस्याको समधान राज्यले गर्यो भने साना व्यवसायीहरुलाई समस्या नहुने बताउनुभएको थियो । उहाँले उद्योग वाणिज्य संघ-चितवनले जिल्ला नगरका उद्योग वाणिज्य संघका नेतृत्व वर्गलाई बोलाएर कर सम्बन्धी कार्यक्रम आयोजना गरेको खुसी व्यक्त गर्दै आभार प्रकट गर्नुभएको थियो। कार्यक्रमा बोल्दै उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठले कर विना राज्य सम्वृद्ध हुन नसक्ने बताउँदै उहाँले राज्यले करको दर घटाउदै दायरा बढाउँदै लगानी मैत्री वातावरण सृजाना गर्नुपर्ने बताउनुभएको थियो । उहाँले करदाता र कर संकलन कर्ताको सम्बन्ध प्रगाढ भएमा कर संकलन गर्न सजिलो हुने बतानुभएको थियो । कार्यक्रममा बोल्दै आन्तरिक राजश्व कार्यालय भरतपुरका कर अधिकृत गंगाराम अर्यालले यस्ता कर दाता शिक्षा कार्यक्रमले करदाताको स्वच्छिक कर तिर्ने मानसिकताको विकास हुने बताउनभएको थियो । दुई दिन सम्म चलेको तालिम तथा अभिमुखिकरण कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका राजश्व सल्लाहकार सिए विमान कार्की, सिए विकास तिवारी र सिए विशाल भट्टराईले कार्यक्रमको मध्यस्तता गर्नु भएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पदाधिकारी, तनहुँ उद्योग वाणिज्य संघ, लमजुङ उद्योग वाणिज्य संघ, गोर्खा उद्योग वाणिज्य संघ, मकवानपुर उद्योग वाणिज्य संघ, धादिङ उद्योग वाणिज्य संघ, नवलपुर उद्योग वाणिज्य संघ, रत्ननगर उद्योग वाणिज्य संघ, वागलुङ उद्योग वाणिज्य संघ, खैरहनी उद्योग वाणिज्य संघ, राप्ती उद्योग वाणिज्य संघ, गैडाकोट उद्योग वाणिज्य संघ, देवचुली उद्योग वाणिज्य संघ, मध्यविन्दु उद्योग वाणिज्य संघका अध्यक्ष, पदाधिकारी, महिला उद्यमी, र कार्यालय प्रमुखहरू गरी ५५ जनाको सहभागिता रहेको थियो। उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमानकुमार श्रेष्ठको अध्यक्षता एवम् वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको कार्यक्रमको समानप सत्र संघका कार्यकारी निर्देशक निलबहादुर के.सीले सञ्चालन गर्नुभएको थियो भने उद्घाटन सत्र कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

## कर तथा मूल्य अभिवृद्धि कर सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ चितवनले महिला उद्यमी व्यवसायीहरूलाई आयकर तथा मूल्य अभिवृद्धि करसम्बन्धी २ दिने अभिमुखिकरण कार्यक्रम दिएको थियो। उद्योग वाणिज्य संघ-चितवनको आयोजना एवम् जिआईजेड रासको प्राविधिक सहयोगमा असोज ६ र ७ गते भरतपुर महानगरपालिका वडा नं ११ वसेनी स्थीत मलेवा व्यङ्कोइटमा कार्यक्रम भएको थियो । महिला उद्योगी व्यवसायीहरूलाई आयकर तथा मूल्य अभिवृद्धि करका साथै करका नीति नियमका बारेमा जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले व्यवसायिक सफलता प्राप्त गर्न करका नीति नियमहरूको बारेमा व्यवसायीहरूलाई जानकारी

हुनपर्ने बताउँदै उहाँले सक्रिय रुपमा सहभागि भई लाभान्वित हुनका साथै जिज्ञासा लागेको कुरा निर्धक भएर प्रशिक्षकज्यूहरूलाई सोध्न सहभागिहरूलाई अनुरोध गर्नुभएको थियो । कार्यक्रममा उहाँले संघले आफ्ना सदस्य व्यवसायीहरुलाई निरन्तर रुपमा कर शिक्षा प्रदान गर्दै आइरहेको शिलशिलामा यस किसिमको कार्यक्रमको आयोजना गरेको भन्दै आगामी दिनमा पनि यस किसिमका कार्यक्रमलाई निरन्तरता दिने बताउनुभएको थियो । कार्यक्रमको प्रमुख अतिथि आन्तरिक राजश्व कार्यालय भरतपुरका प्रमुख कर अधिकृत पुण्य विक्रम खड्काले कर प्रणालीमा डे ०१, डे ०२ र डे ०३ अनलाईन सिस्टमा गई सके को जानकारी गराउदै उहाँले व्यवसायीलाई आफ्नो व्यवसायको कर तिर्न मध्यस्थकर्ता नलगाई आफै कर दाखिला गर्न सक्ने बन्न व्यवसायीहरूलाई अनुरोध गर्दै उहाँले करका बारेमा बजारमा आएको समस्याका विषयलाई ध्यानमा राखेर सिकाउनु पर्ने बताउँदै कार्यक्रमको सफलताको शुभकामना व्यक्त भएको थियो । सोही अवसरमा बोल्दै प्रमुख कर अधिकृत खड्काले राज्य स्तरबाट प्रदान गर्नुपर्ने प्रशिक्षण कार्यक्रम निजी क्षेत्रको पहलमा गरिएको भन्दै संघ प्रति आभार व्यक्त गर्दै सहकार्य गर्दै अगाडि बढ्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभएको थियो । कार्यक्रममा जिआईजेड रासका फिनानसियल म्यानेजमेन्ट एण्ड एडमिनिस्ट्रेशन एडभाईजर नविन लाल श्रेष्ठले चितवनका महिला उद्यमी व्यवसायीहरुलाई आयकर, मु.अ. कर, मिसम्याच लगायत करका नीति नियमका बारेमा जानकारी गराउन यस तालिमको लागि उद्योग वाणिज्य संघ-चितवन सँग सहकार्य गरेको बताउनुभएको थियो । दुई दिन सम्म सञ्चालित तालिम तथा अभिमुखिकरण कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका राजश्व सल्लाहकार सिए विमान कार्की लगायत सिए विकास तिवारी, सिए विशाल भट्टराईले, सिए सजिता अधिकारी, सिए कमल सुवेदी र सिए कविता चौधरीले कार्यक्रमको मध्यस्तकर्ता गर्नुभएको थियो । कार्यक्रममा संघको कर्मचारी पवित्रा अर्यालले उद्योग वाणिज्य संघ-चितवनद्धारा आन्तरिक राजश्व कार्यालय परिसर भित्र सञ्चालित कर सहायता कक्षबाट उद्योगी व्यवसायीलाई दिईने सेवाका बारेमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी, प्रथम उपाध्यक्ष राजेन्द्र ओली, संघका कार्यकारी निर्देशक निलबहादुर केसी, महिला उद्यमी विकास समिति संयोजक अस्मिता तिमिल्सिना लगायत महिला उद्योगी व्यवसायी गरी करिव ८५ जनाको सहभागिता रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमानकुमार श्रेष्ठको अध्यक्षता एवम् द्वितीय उपाध्यक्ष अशोक अधिकारीले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको कार्यक्रमको उद्घाटन सत्र संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।



## !!सूचना!! !!सूचना!! !!सूचना!!

**उद्योग वाणिज्य संघ चितवनको सदस्यता नविकरण नगर्नु भएका महानुभावहरुले आउने मंसिर ३ गते सम्म नविकरण गर्नुहुन सूचित गरिन्छ ।**

### पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

**प्रापक :**

........................................................................

........................................................................

........................................................................

........................................................................

........................................................................

....................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०